# भेरी अस्पतालमा २०७८।०५।०९ गतेमृत्यु भएका नवजातशिशुको फरक नामको टयाग लेखिएको घटना सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, बाँकेबाट २०७८/०५/११ गते गठित छानविन समितिद्धारा तयार गरिएको प्रतिवेदन - २०७८

**पेश गरिएको निकाय:-**

**जिल्ला प्रशासन कार्यालय, बाँके**

**२०७८ भाद्र**

**भेरी अस्पतालमा २०७८/०५/०९ गते वुधवार साँझ ६:०० बजे मृत्यु भएका नवजात शिशुको एउटा हातमा अर्कै नामको टयाग लेखिएको घटना सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, बाँकेबाट २०७८/०५/११ गते गठित छानविन समितिद्धारा तयार गरिएको प्रतिवेदन - २०७८**

**प्रतिवेदक**
**जिल्ला प्रशासन कार्यालय बाँकेद्धारा गठित छानविन समिति**

**बिषय सुचि**


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभुमि | १ |
| २ | समितिको गठन | १ |
| ३ | समितिबाट गरिएको अध्ययन र प्राप्त तथ्य | २ |
| ४ | समस्याको पहिचान | ३ |
| ५ | सुझावहरु | ५ |
| ६ | अनुसुचिहरु | ७ |

## १.पृष्ठभुमि

जिल्ला बाँके खजुरा गा.पा वडा नं ६ सिमलघारीकी चन्द्रा बि.क. सुत्केरी बेथा लागि मिति २०७८/५/८ गते बिहानको ११ बजे भेरी अस्पताल नेपालगंजमा भर्ना हुनु भएको थियो । भ्याकुमबाट डेलीभरि गराउदा बच्चाको अवस्था जटिल भई एनआईसियुमा भर्ना गरि उपचार गर्ने क्रममा २०७८/५/९ गते बेलुका ६ बजे बच्चाको मृत्यु भयो । बच्चाको मृत्यु  पश्चात परिवारका सदस्यहरुले मृतक वच्चाको शव बुझि लिएको तर वच्चाको दाह संस्कारको क्रममा वच्चाको दाहिने हातमा मृतकको आमाको वाहेक फरक आमा गिता थारु नामको ट्याग भेटिएको, सो ट्याग देखिए पछि वच्चाको अभिभावकहरुले आफ्नो वच्चा साटिएको र मृत्यु भएको वच्चा आफ्नो नभएको साथै आफ्नो वच्चा जिवितै रहेको हुन सक्ने ठानि पुनः मृतक वच्चा अस्पतालमा फिर्ता ल्याए पछि फरक बच्चाको आशंकामा विवाद सृजना भएको देखिन्छ ।

भेरी अस्पतालमा २०७८/०५/०९ गते वुधवार साँझ ६:०० बजे मृत्यु भएका नवजात शिशुको एउटा हातमा अर्कै आमाको नामको ट्याग लेखिएको घटना सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, बाँकेबाट २०७८/०५/११ गते गठित छानविन समितिद्धारा समितिलाई तोकिएको कार्यक्षेत्र (TOR) भित्र रहि सम्बन्धित सरोकारवाला पक्ष, मृतक बच्चा बुझिलिएका परिवार तथा नातेदार, घटनाका प्रत्यक्षदर्शी एवं उपचारमा संलग्न भेरी अस्पतालका स्वास्थ्यकर्मी तथा अस्पताल प्रशासनसंग प्रत्यक्ष भेट्नुका साथै दुवै पक्षलाई संगै राखी घटनाको बारेमा छलफल गराई घटनाको सम्बन्धमा सत्यतथ्य संकलन गरि छानविन समितिले यो प्रतिवेदन तयार पारि जिल्ला प्रशासन कार्यालय, बाँके समक्ष पेश गरेको छ ।

## २.छानविन समितिका पदाधिकारीहरु

| सि.नं. | पदाधिकारीको नाम | पद | मोवाईल नं. |
|---|---|---|---|
| १. | डा.रोमा बोरा, बालरोग विशेषज्ञ, कान्ति आरोग्य अस्पताल,बाँके | संयोजक | ९८४८०२८४९९ |
| २. | श्री हरिश्चन्द्र शर्मा, प्रशासकिय अधिकृत, जिल्ला प्रशासन कार्यालय,बाँके | सदस्य | ९८४८१७१८९९ |
| ३. | श्री बसन्त गौतम, अधिवक्ता, उपभोक्ता हित संरक्षण मञ्च, बाँके । | सदस्य | ९८४८०२००२५ |
| ४. | नरेशवावु श्रेष्ठ, ज.स्वा.अ.,<br>स्वास्थ्य कार्यालय, बाँके | सदस्य | ९८५११४३६६६ |
| ५. | श्री ईश्वर देव गिरी, प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय, बाँके | सदस्य | ९८५८०९०८३४ |

## ३.समितिबाट गरिएको अध्ययन र प्राप्त तथ्य

३.१ घटना बारे खजुरा गा.पा. वडा नं ६, सिमलघारी, बाँके निवासी बर्ष २० की चन्द्रा वि.क. र उनका श्रीमान बर्ष २३ को गोविन्द बि.क.लगायत आफन्तको भनाई :

म चन्द्रा बि.क को प्रसुती हुने अनुमानित दिन २०७८/०५/०२ गते भएको तर अनुमानित मिति कटि सकेकोले २०७८/०५/८ गते दिनको ११:०० बजे भेरी अस्पतालको प्रसुती वार्डमा भर्ना भएकी थिएँ । चेकजाँचका क्रममा मेरो र वच्चाको अवस्था सामान्य रहेकाले सामान्य प्रसुती सेवाबाट नै वच्चाको डेलिभरी हुने कुरा त्यहाँ रहेका स्वास्थ्यकर्मीले जानकारी गराए ।

गोबिन्द बिकको भनाई अनुसार चन्द्रा बिकलाई डेलिभरि रुममा लगे पछि अस्पतालका स्वास्थ्यकर्मीले डेलिभरीको क्रममा प्रसुती सेवा लिने आमा र उनको भिजिटरलाई आमा र वच्चाको स्वास्थ्य अवस्थाको वारेमा जानकारी गराएनन । अकस्मात गर्भवती चन्द्रा बिकलाई Vaccum दिई प्रसुती गराईयो । प्रसुती गराउँदा शिकारु तालिम गर्ने नर्स र सहयोगीबाट प्रसुती गराईयो । प्रसुती पछि वच्चाको अवस्था र लिंगको वारेमा समेत प्रसुती गराउने नर्सहरुले जानकारी दिएनन् । प्रसुती पछि हामीलाई जानकारी नदिई प्रसुती वार्डबाट वच्चा NICU वार्डमा भर्ना गर्न लगिएछ । NICU वार्डमा भर्ना गरिसके पछि मात्र वच्चा छोरा, पुरुष रहेको भन्ने जानकारी पायौं । NICU वार्डमा भर्ना पछि वच्चाको अवस्थामा सुधार नआई वच्चाको मृत्यु भई सके पछि हामीले वच्चाको शव वुझिलिई दाह संस्कारका लागी आफ्नो घर रहेकै स्थान खजुरा ६, सिमलघारी, बाँके लिएर गयौं । सो वच्चाको शव ब्यवस्थापन गर्ने क्रममा वच्चालाई दाहसंस्कार स्थलमा गाड्न लाग्दा बच्चाको दाहिने हातमा गिता थारुको ट्याग देखि सके पछि मृतक वच्चा आफ्नो नभएको, आफनो वच्चा अस्पतालमा जिवित नै रहेको हुन सक्ने ठानी पूनः मृतक वच्चा भेरी अस्पताल फिर्ता लिई आएको र सो वारेमा NICU वार्डमा छलफल गरियो । अस्पतालमा छलफल गर्दा त्यहाँका स्वास्थ्यकर्मीले बच्चाको पुन तौल लिने क्रममा बच्चा बेरिएको कपडा हटाउदा बायाँ हातको नाडीको पछाडीको भागमा चन्द्रा बिक लेखिएको अर्को ट्याग देखिएको थियो । बच्चाको दाहसंस्कार गर्न लाग्दा बाँया हात च्यापिएको अवस्थामा रहेकाले सो बारे हामीलाई थाहा हुन सकेको थिएन । एउटै बच्चाको दुई वटा हातमा फरक फरक नामका ट्याग कसरी भए ?
ठुलो बिश्वासका साथ डेलिभरि सेवाका लागि भेरी अस्पताल गएका थियौ । तर त्यहाँका स्वास्थ्यकर्मी र अस्पताल प्रशासनको लापरवाही देखियो ।

३.२ घटना बारे उपचारमा संलग्न भेरी अस्पताल प्रशासन र स्वास्थ्यकर्मीको भनाई :

छानविन समितिले भेरी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट, उपचारमा संलग्न प्रसुती वार्ड, एनआईसियु वार्डका स्वास्थ्यकर्मीसंग घटनाको बारेमा लिखित जानकारी लिनुका साथै उनीहरुलाई प्रत्यक्ष भेटी घटना बारे तथ्य संकलन गरेको थियो ।

३.२.१ घटना बारे प्रसुती कक्षमा रहि बिरामीको उपचारमा संलग्न स्त्री रोग बिशेषज्ञ डा. कुमार शान शाह, प्रसुती कक्ष इन्चार्ज वरिष्ठ अस्पताल नर्सिङ्ग निरिक्षक जयन्ती श्रेष्ठ,अनमी छत्रावती पुन मगरको भनाई :

चन्द्रा बिक मिति २०७८।५।८ गते बिहान ११ : १५ बजे प्रसुती वार्डमा भर्ना भई सो दिन व्यथा नलागेको र सुत्केरी हुने मिति पनि नाघी सकेको हुँदा Tab misopristol 50 mcg को २ मात्रा दिएर medical Induction गराईएको थियो र राती ११ बजेबाट व्यथा सुरु भएको र प्रर्याप्त मात्रामा व्यथा नलागेको कारण भोली पल्ट बिहान ६ बजे व्यथा लगाउने सुई Syntocin 2.5 unit Drip मा राखेर दिन सुरु गरिएको र मिति २०७८।५।९ गते बिहान ११ : ३० बजे पाठेघरको मुख पुरा खुलेको तर बिरामीले बल गर्न नसकेको र दोश्रो चरणको व्यथा लामो भएकोले दिउसो १ : ०० बजेसम्म पनि प्रसुती नभएको कारण Epi दिएर Vaccum Delivery गराइयो । जन्मिएको बच्चा छोरा भएको जानकारी आमालाई गराईयो । बच्चा जन्मदा निस्सासिएको थियो र घ्यार घ्यार आवाज आएकोले बच्चालाई Suction & stimulation गरिएको तर पनि बच्चालाई अझै श्वास फेर्न गाह्रो भएको हुँदा एनआईसियुमा भर्नाका लागि पठाईएको थियो । बच्चाको गंभिर अवस्था बारेमा अभिभावलाई जानकारी गरिएको थियो ।

३.२.२ NICU मा कार्यरत स्वास्थ्यकर्मी बालरोग बिशेषज्ञ डा.बिष्णु कुमार थापा,अस्पताल नर्सिङ्ग निरिक्षक अनिता पोखरेल, अनमी देबिका बस्नेत र स्टाफ नर्स निशा चन्दको भनाई :

NICU मा चन्द्रा बि.क.को बच्चा २०७८।५।९ गते दिनको २ : ०० बजे भर्ना गरि आवश्यक उपचार गर्दा गर्दै सोहि दिनको ३ : ४० बजे भर्ना भएको गिता थारुको बच्चा (जन्म मिति र समय २०७८।५।२ बिहान ९ : १५) लाई वेड नभएकाले चन्द्रा बिकको बच्चा रहेको बेडमा राखियो । दुवै बच्चाको स्वास्थ्य अवस्था जटिल भएकोले उपचारका क्रममा चन्द्रा बिकको बच्चा सोही दिन बेलुका ६ : ०० बजे मृत्यु भएको थियो र सोको जानकारी अभिभावकलाई दिईयो । उपचारको क्रममा गिता थारुको बच्चाको नाम ट्याग फुस्केको र संयोगवस एउटै बेडमा रहेका चन्द्रा बिकको बच्चाको हातमा टाँस्न गएको हो ।

२०७८।५।९ गते साँझ चन्द्रा बिकको बच्चाको हातमा गिता थारुको नाम ट्याग टाँसिएको भनी बच्चाको अभिभावकले खवर गर्दा डिउटी स्टाफले हेर्दा गिता थारुको बच्चाको हातमा नाम ट्याग नभएको भेटियो र पछि पुनः नया नाम ट्याग बनाई लगाइयो ।

बेड क्षमता भन्दा बढी भर्ना गर्दा एउटै बेडमा दुईवटा बच्चा राखि उपचार दिनु पर्ने भएको कारणले यस्तो हुन गएको हो ।

३.२.३ घटनाको सम्बन्धमा भेरी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.प्रकाश बहादुर थापाको भनाई :

चन्द्रा बिकको बच्चा दाहसंस्कार गर्ने क्रममा अभिभावकले ट्यागमा फरक ब्यक्तिको नाम देखे पछि मृत बच्चा अस्पतालमा लिएर आउनु भयो । पछि सबै चेकजाँच गर्दा बच्चाको दुवै हातमा ट्याग भेटियो । एउटा उक्त बच्चाको आफ्नो र एउटा नजिकै सोही बेडमा उपचार गराईरहेको ८ दिनको बच्चाको । मृत बच्चा चन्द्रा बिकको नै भएको सबै प्रमाणहरु भेटियो ।

## उपचार प्रक्रियामा देखिएका तथ्य बिश्लेषण

जिल्ला बाँके खजुरा गा.पा वडा नं ६ सिमलघारीकी चन्द्रा बि.क.भेरी अस्पतालमा भर्ना भई सुत्केरी भएकोमा बच्चाको स्वास्थ्य अवस्था जटिल भई एनआईसियुमा भर्ना गरि उपचार गराइएको थियो । उपचार गर्ने क्रममा २०७८/५/९ गते बेलुका ६ बजे बच्चाको मृत्यु भएको देखिन्छ । बच्चाको मृत्यु पश्चात परिवारका सदस्यहरुले मृतक वच्चाको शव वुझि लिएको तर वच्चाको दाह संस्कारको क्रममा वच्चाको दाहिने हातमा मृतकको आमाको वाहेक फरक आमा गिता थारु नामको ट्याग भेटिएको, सो

ट्याग देखिए पछि वच्चाको अभिभावकहरुले आफ्नो वच्चा साटिएको र मृत्यु भएको वच्चा आफ्नो नभएको साथै आफ्नो वच्चा जिवितै रहेको हुन सक्ने ठानि पुनः मृतक वच्चा अस्पतालमा फिर्ता ल्याए पछि फरक बच्चाको आशंकामा विवाद सृजना भएको पाईयो ।
यस बिषयमा छानविन समितिले चन्द्रा बि.क.को वच्चा र गिता थारुको वच्चा भर्ना गरि उपचार रहेको NICU मा दुवै बच्चाको स्वास्थ्य उपचार प्रक्रिया बारे तथ्य संकलन गरेको थियो ।
चन्द्रा बि.क.को वच्चा मिति २०७८/०५/०९ गते NICU मा भर्ना भएको र गिता थारुको ८ दिनको बच्चा सोही दिन NICU मा भर्ना भएको देखिन्छ । भर्ना र उपचारमा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीसंगको प्रत्यक्ष वयान तथा अस्पतालमा रहेका भर्ना तथा उपचारका कागजात अभिलेख तथा जन्मेको १ दिनको वच्चा र ८ दिनको बच्चाको शारिरीक अवस्थाको तुलना गर्दा नाभी, छाला र कपालमा भिन्नता रहने कुरा उपचारमा संलग्न स्वास्थ्यकर्मीले छानविन समितिलाई जानकारी गराएका थिए ।
छानविन समितिले प्राप्त गरेको तथ्य अनुसार चन्द्रा बि.क. २०७८।५।८ गते बिहान ११ :१५ बजे प्रसुती वार्डमा भर्ना भएकि थिईन । सोही दिनमा ब्यथा नलागेकोले र सुत्केरी हुने मिति पनि नाघी सकेको हुँदा ब्यथा लगाउने औषधी दिईयो । तर प्रसुती ब्यथाको दोश्रो चरण लामो भएको र पहिलो गर्भ भएकाले २०७८।५।९ गते दिउँसो १ : २४ बजे भ्याकुम डेलिभरि गराईयो । बच्चा जन्मदा निस्सासिएको र घ्यार घ्यार आवाज आईरहेको थियो । Apgar Score 5/ 10 र 6/10 भएकोले आमालाई छोरा जन्मेको र छोराको अवस्थाको बारेमा जानकारी गराएर बच्चालाई एनआइसियुमा भर्ना गरियो । एनआइसियुमा उपचारका क्रममा बच्चाको स्वास्थ्य अवस्थामा सुधार नआई झन जटिल भएर Apgar Score 1/ 10 र 2/10 भयो । बच्चाको गंभिर स्वास्थ्य अवस्थाको बिषयमा अभिभावकलाई दिनको ३ : ४५ बजे जानकारी गराईयो । उपचारको क्रममा बच्चाको स्वास्थ्य अवस्थामा सुधार नआई सोही दिन साँझको ६ : ०० बजे बच्चाको मृत्यु भएको भन्ने देखियो । एनआइसियुमा बच्चालाई भर्ना गर्दा वेड खाली नभएकोले २०७८।५।९ गते दिउसोको ३ :४० मा भर्ना भएको गिता थारुको बच्चा (जन्म मिति र समय २०७८।५।२ बिहान ९ : १५) लाई चन्द्रा बिकको बच्चा रहेको बेडमा राखेर उपचार गरेको उक्त युनिटमा कार्यरत स्वास्थ्यकर्मीले बताएका छन् ।

१ दिनको वच्चा र ८ दिनको वच्चाको नाभि, कपाल र छालाको अवस्थामा भिन्नता हुने गर्दछ । प्रस्तुत बिवादको सन्दर्भमा पनि चन्द्रा बि.क..को १ दिनको बच्चा र गिता थारुको ८ दिनको बच्चाको शारिरीक भिन्नतालाई मध्यनजर राखी बच्चाको ट्यागको बिषयमा भएको बिवाद पश्चात चन्द्रा बिकका परिवार आफन्तले मृतक बच्चा बुझेर सद्गत गरेको पाईयो । चन्द्रा बिकको परिवारलाई बच्चाको दुवै हातमा दुई फरक आमाको ट्याग भेटिएको कारणले मृतक बच्चा आफ्नो होईन कि भन्ने शंका निवारणका लागि भेरी अस्पताल नेपालगंज मार्फत उक्त बच्चाको DNA परिक्षण गर्न केन्द्रिय बिधि बिज्ञान प्रयोगशाला काठमाण्डौमा पठाएको पाईयो ।
अध्ययनका क्रममा छानविन समितिले प्राप्त गरेका तथ्य र उपचारमा संलग्न स्वास्थ्यकर्मी समेतले बिरामी र कुरुवा प्रतिको ब्यहार सुधार्ने, बिरामीको उपचार प्रक्रिया बारे र स्वास्थ्य अवस्था बारे बिरामी र बिरामीका आफन्तलाई समयमै जानकारी गराउने सम्बन्धमा भएका कमीकमजोरी छानविन समिति समक्ष अस्पताल प्रशासन र उपचारमा संलग्न स्वास्थ्यकर्मी समेतले स्वीकार गरेकोले उल्लेखित बिषयमा तत्काल सुधार हुनु पर्ने देखिन्छ ।

क्षमता भन्दा बढी भर्ना गरि एउटै बेडमा २/२ वटा बिरामी राखी उपचार गरेको र बिरामीको अनुपातमा स्वास्थ्यकर्मी नभएको पाईएकोले यस बिषयमा समेत अस्पताल व्यवस्थापन पक्षको ध्यान पुग्नु पर्ने देखिन्छ ।

साथै एउटै बेडमा २/२ वटा बिरामी राखी उपचार गर्दा कर्मचारीको असावधानीका कारण एउटै बच्चा हातमा दुई वटा आमाको नामको ट्याग लगाएको पाईएकोले आउदा दिनमा यस्ता खालका त्रुटी नहोस भन्नका लागि उपचारमा संलग्न स्वास्थ्यकर्मी र अस्पताल प्रशासनको गंभिर ध्यानाकर्षण हुनु पर्ने देखियो ।

ट्याग फरक परेका कारण बच्चानै साटिएको हो की भन्ने आशंका निवारणका लागि भेरी अस्पताल नेपालगंज मार्फत उक्त बच्चाको DNA परिक्षण गर्न केन्द्रिय बिधि बिज्ञान प्रयोगशालामा पठाएको र त्यसको प्रतिवेदन नआईसकेको सन्दर्भमा छानविन समितिले यस बिषयमा यसै हो भनी एकिनका साथ प्रतिवेदनमा उल्लेख गर्न हतार हुने र प्रतिवेदन आए पश्चात सोहि बमोजिम हुने नै हुँदा यस बारे केहि बोली रहनु परेन ।

समिति दिएका सुझावहरु :

**स्वास्थ्य सम्बन्धी सुझाव**

१ एउटा बेडमा दुईवटा बिरामी नराख्ने ।

२ जुनियर स्टाफले गरेको कामलाई सिनियर स्टाफले निरीक्षण गर्ने र कामको जिम्मेवारी लिने ।

३ एउटै बिरामीलाई दुईवटा आमाको ट्याग लगाउने जस्ता गल्ती भबिश्यमा हुन नदिन आवश्यक सजगता अपनाउने ।

४ बच्चालाई एनआइसियुमा राख्ने अवस्था आएमा बिरामीको स्वास्थ्य अवस्था बारे स्पष्ट जानकारी लिई अभिभावकको स्वीकृती लिएर मात्रै भर्नाको व्यवस्था मिलाउने ।

५ बेड क्षमता भन्दा बढी बिरामी भर्ना नलिने ।

६.डयुटीमा रहेका डयुटी स्टाफ, ईन्चार्ज तथा डयुटी चिकित्सक विच समन्वयता बढाउनु पर्ने ।

७. अस्पतालबाट दिईने सेवा प्रभावकारी र गुणस्तरिय वनाउन डयुटी स्टाफ, नर्स तथा सम्वन्धित चिकित्सकहरु विच मासिक रुपमा कम्तीमा १ पटक CME Class ,बैठक तथा अर्न्तक्रिया कार्यक्रम गर्ने ।

८.अस्पतालमा तालिममा आएका शिकारु चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीहरुको भरमा मात्र प्रसुती सेवा, NICU सेवामा संग्लग्न नगराई डियुटिवाला नर्स, चिकित्सकबाट नै स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

९.अस्पतालको व्यवस्थापन पक्ष मेडिकल सुपरिटेन्डेन्ट तथा विभागिय प्रमुखबाट मासिक रुपमा सो विभागका राम्रा तथा कमी कमजोरी पक्षको विश्लेषण गरि देखिएका कमीकमजोरी हटाउन आवश्यक प्रवन्ध मिलाउने ।

१०.प्रसुती कक्ष सुझाव पेटिकाको व्यवस्था गरि दैनिक रुपमा प्राप्त भएका आवश्यक सुझावलाई यथोचित कार्यन्वयन गर्ने ।

११.NICU र प्रसुती वार्ड बाहिर लाग्ने भिजिटर हरुको भिडलाई व्यवस्थापनका लागी भिजिटर कुरुवा कक्षको व्यवस्थापन गर्ने ।

**<u>अन्य सुझाबहरुः</u>**

(क) सेवाग्राहीका लागी प्रारम्भिक परामर्श सेवा गर्दा अडियो भिडियोको अभिलेख राख्ने ब्यवस्था मिलाउने

(ख) बिरामी मैत्री संरचना र ब्यवहार हुनु पर्ने ।

(ग) तत्काल रेस्पोन्सको ब्यवस्थापनका लागी अन्तर वार्ड समन्वयको व्यवस्था हुनु पर्ने ।

(घ) प्रभावकारी सुचना संयन्त्र र प्रणालीको बिकाश गरि सुचना अधिकारीको ब्यवस्था गर्ने

(च) कर्मचारीको उचित ब्यवस्थापनका लागी विरामी डाक्टर र स्वास्थ्यकर्मी उचित अनुपात मिलाउने ।

(छ) बिरामीले सहज र भरपर्दो तरिकाले स्वास्थ्य उपचार सेवा पाउने वातावरणको मिलाउने ।

(झ) विरामीको अवस्था र गम्भिरतामा आधारमा Triaging गरि सम्बन्धित वार्डमा भर्ना गरि उपचार गर्नु पर्ने

(ञ) एन.आई.सि.यु.मा उपचाररत विरामीको निरन्तर Triage निगरानीका लागी Central Monitoring Systemको व्यवस्था गर्नुपर्ने र सबै ठाउ निगरानीका लागि सिसिटिभि क्यामराको व्यवस्था गरि निरन्तर निगरानी गर्ने व्यवस्था मिलाउने ।

(ट) नयाँ कर्मचारीलाई काममा लगाउनु अघि र स्वास्थ्यकर्मीले वार्ड परिवर्तनका क्रममा स्वास्थ्य उपचार सम्बन्धी अभिमुखिकरण गरेर मात्र काममा लगाउने ब्यवस्था मिलाउने ।

(ठ) अस्पतालमा बिचौलीयाको प्रवेश नियन्त्रण गर्ने ।

प्रतिवेदक

| सि.नं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | डा.रोमा बोरा, बालरोग विशेषज्ञ, कान्ति आरोग्य अस्पताल,बाँके | संयोजक | |
| २. | श्री हरिश्चन्द्र शर्मा, प्रशासकिय अधिकृत, जिल्ला प्रशासन कार्यालय,बाँके | सदस्य | |
| ३. | श्री बसन्त गौतम, अधिवक्ता/अध्यक्ष उपभोक्ता हित संरक्षण मञ्च, बाँके । | सदस्य | |
| ४. | नरेशवावु श्रेष्ठ, ज.स्वा.अ., स्वास्थ्य कार्यालय, बाँके | सदस्य | |
| ५. | श्री ईश्वर देव गिरी, प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय, बाँके | सदस्य | |

अनुसुचि:-